नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बर्दिया, गुलरिया

प.सं.: ०८१/०८२

च.नं.:/

रोशन कुमार कठायत
सहायक प्रमुख जिल्ला अधिकारी
२०८२/०३/१३

मितिः २०८२/०३/१३

ने.सं.११४५ दिल्लाथ्व २ शुक्रवार

## सवारी साधन लिलाम सम्बन्धी सूचना !

मिति: २०८२/०३/१३ (प्रथम पटक)

बिभिन्न फौजदारी मुद्दाहरुमा अभियोग साथ दशीको रुपमा पेश भएका कसुरजन्य सम्पत्ती तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र सोको नियमावली, २०७७ ले निर्दिष्ट गरे बमोजिम जफत ठहर भएका विभिन्न नाम र कम्पनीका मोटरसाईकलहरु कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को २० बमोजिम लिलाल बिक्रीका लागि यो सूचना प्रकाशित गरिएको छ । यी सवारी साधन जे जस्तो अवस्थामा छन् सोही अवस्थामा यस कार्यालयले गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने भएकोले नेपाली नागरिक व्यक्ती, फर्म वा संध संस्थाले यो सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र निम्न शर्तको अधिनमा रही आफूले कबोल गरेको रकमको न्यूनतम १०(दश) प्रतिशतले हुँने रकम **श्री राष्ट्रिय बाणिज्य बैंक गुलरिया शाखा बर्दियामा** रहेको **श्री कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी** खाता नं. ४१४०१००१०२०३०००० कार्यालय कोड ३१४९२५८०३ मा जम्मा गरी सोको सक्कल भौचर सिलबन्दी बोलपत्र फारम साथ पेश गर्नु पर्ने छ । अन्य ब्यहोरा बुझ्नु पर्ने भएमा कार्यालयमा आएर बुझ्न सकिने छ।

तपसिल

| लिलाम बिक्री सूचना नं. | सवारी दर्ता नं./ जि.सं.नं. | लिलाम विक्री गर्नुपर्ने सामाग्री | मोडेल | परिमाण | जम्मा प्रासि मूल्य(.रू) | मुद्धा | मूल्याङ्कन गरिएको प्रति इकाइ मूल्य | बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १-२०८१/८२ | Se.5pa.9598 | Eng. No.:G3J5E0015508<br>CHE.NO.:ME1RG4516HOO15649<br>Colour: Sky/Blue<br>Make: Yamahasz | 2017 | १ | नखुलेको | - | १५०००/- | ३००/- | |
| २-२०८१/८२ | Bhe.3Pa.8371 | Eng. No.:JZMBVA69872<br>CHE.NO.:MD2DSJZZZVWA17492<br>Colour:Black/Blue<br>Make:Bajaj Discover150 | 2012 | १ | नखुलेको | ब्रा.सु. | १३०००/- | ३००/- | |
| ३-२०८१/८२ | Ba.Pra.03-003Pa.8868 | Eng. No.:BGA1724710<br>CHE.NO.:MB8ED13AJL8109499<br>Colour:Blue/Black<br>Make:Suzuki Gixer | 2020 | १ | नखुलेको | डाँ.चो. | ३२०००/- | ३००/- | |
| ४-२०८१/८२ | नखुलेको | Eng. No.:PFYRKA24255<br>CHE.NO.:MD2A76AY4KRA59572<br>Colour:Grey/Black<br>Make:Bajaj Platinaa110 | 2019 | १ | नखुलेको | ब्रा.सु. | १७०००/- | ३००/- | |
| ५-२०८१/८२ | Bhe4Pa5647 | Eng. No.:JAO5ECC9L03889<br>CHE.NO.:MBLJAO5EKC9L04423<br>Colour:Red<br>Make: Hero | 2012 | १ | नखुलेको | स.ज्या. | २०००/- | ३००/- | |
| ६-२०८१/८२ | Bhe10Pa1988 | Eng. No.: DHYRKD53237<br>CHE.NO.: MD2A11CY4KPD25329<br>Colour: Red/Black<br>Make: Bajaj Pulsor 150 | 2019 | १ | नखुलेको | ब्रा.सु. | ३००००/- | ३००/- | |
| ७-२०८१/८२ | UP40R3415 | Eng. No.: JBZPDC14681<br>CHE.NO.: MD2A14AZ3DPC85292<br>Colour: Black/Grey<br>Make: Bajaj Discover100 | 2012 | १ | नखुलेको | ब्रा.सु. | १००००/- | ३००/- | |
| ८-२०८१/८२ | ४०९ | Redmi-१/Vivo Mobile | - | २ | नखुलेको | ला.औ. | १००/- | | |
| ९-२०८१/८२ | ४३६ | Oppo Mobile-१ | - | १ | नखुलेको | ब्रा.सु. | ५००/- | | |
| १०-२०८१/८२ | ४८० | Kivi Keypad Mobile-१/Samsung Touch Mobile-१ | - | २ | नखुलेको | ब्रा.सु. | १५०/- | | |
| ११-२०८१/८२ | ५०१ | Hero Jet Gold Cycle | - | १ | नखुलेको | ब्रा.सु. | ५००/- | | |
| १२-२०८१/८२ | ५०१ | Redmi 9Pro/Intel सादा मोबाईल | - | २ | नखुलेको | ब्रा.सु. | १००/- | | |
| १३-२०८१/८२ | ५५४ | रिन्चि-२/चक्कु-१/Oppo Mobile-१ Cable Cutter/Cable | - | ६ | नखुलेको | चोरी | ३००/- | ३००/- | |
| १४-२०८१/८२ | ६०१ | Cycle Black | - | १ | नखुलेको | ब्रा.सु. | ५००/- | | |
| १५-२०८१/८२ | ६३७ | डिजिटल तराजु | - | १ | नखुलेको | ब्रा.सु. | १००/- | | |
| १६-२०८१/८२ | ६३७ | Oppo Mobile | - | १ | नखुलेको | ब्रा.सु. | ३००/- | | |
| १७-२०८१/८२ | ६३७ | Intel Mobile | - | १ | नखुलेको | ब्रा.सु. | ३२०/- | | |
| १८-२०८१/८२ | ६३७ | Redmi Mobile | - | १ | नखुलेको | ब्रा.सु. | २५०/- | | |

शर्तहरु:

१. गोप्य सिलबन्दी बोलपत्र फारम तोकिएको दस्तुर तिरी (पछि फिर्ता नहुँने गरी) यस कार्यालयको जिन्सी शाखामा सूचना प्रकाशित भएको मितिले २१औ दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ । साथै बोलपत्र खरिद गर्दाकै अवस्थामा प्राकृतिक व्यक्तीको हकमा नेपाली नागरिकताको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

२. बोलपत्र सूचनाको लिलाम बिक्री सूचना नं., मिति, सवारी साधनको बिवरण, इन्जिन नं., चेचिस नं., र अन्य सामाग्रीको हकमा मोडेल तथा जिन्सी नम्बर, बोलपत्र दाताको नामथर, ठेगानाको बिवरण, आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्टरुपमा उल्लेख गर्नु पर्ने छ । सच्याईएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्र दाताको अनिवार्य दस्तखत हुँनुपर्ने छ । साथै अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

३. बोलपत्र पेश गर्दा बोलपत्र फारमको बिवरण भरी बैङ्क दाखिला गरेको धरौटी भौचरको सक्कल समेत खाम भित्र राखी खाम बाहिर गोप्य बोलपत्र सूचनाको लि.बि.सू.नं., मिति, बोलपत्रदाताको नामथर, ठेगाना, सम्पर्क नं. खुलाउनु पर्ने छ र प्रत्येक लि.बि.सू.नं. को सवारी साधनको लागि छुट्टा-छुट्टै सिलबन्दी बोलपत्र फारम दाखिला गर्नु पर्ने छ ।

४. बोलपत्र दाताले जसको नाममा बोलपत्र फारम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेश गर्नु पर्ने छ । यस कार्यालयबाट बिक्री गरेको सक्कल बोलपत्र फारममा मात्र बोलपत्र भर्नु पर्ने छ । साथै प्रचलित कानून बमोजिम रित नपुगी पेश भएको, कार्यालय समय भित्र पेश नभएको वा कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुँने छैन ।

५. खरिद गरिएका बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले २२औ दिनको अपरान्ह १२.०० वजेसम्म यस कार्यालयको जिन्सी शाखामा दर्ता(सो दिन सार्वजनिक बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समयमा) गरि सक्नु पर्नेछ । दर्ता भएको बोलपत्र सोही दिन दिउँसो २.०० बजे बोलपत्रदाता र अन्य कार्यालय प्रतिनिधीको रोहबरमा जिल्ला प्रशासन कार्यालय, बर्दियामा खोलिने छ। निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पार्टीमा प्रकाशित गरी जानकारी गराईने छ । बोलपत्र स्वीकृती भएको मितिले ७(सात) दिन भित्र आफूले कबोल गरेको सवारी साधनको मूल्य र प्रचलित कानून अनुसार लाग्ने कर समेत बुझाई उठाई लैजानु पर्ने छ।

८. बोल कबोल गरेको सबै भन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७(सात) दिन भित्र आफुले कबोल गरेको साधन उठाई नलगेमा न्यूनतम मूल्य बढी कबोल गर्ने क्रमशः दोस्रो, तेस्रो र चौथो घटीवालाको कबोल अंक स्वीकृत गर्दा पनि लिलाम हुन नसकेमा धरौटी रकम जफत गरी पुनः लिलामको कारबाही अगाडि बढाईने छ ।

९. लिलामबाट सकार गरेको सवारी साधनको प्रचलित ऐन, नियमानुसार दर्ता गराउने कार्य निज लिलाम सकारकर्ता नै हुनेछ।

१०. यातायात कार्यालयमा दर्ता नहुने गरी पत्रु स्क्याप (कवाडी)मा लिलाम विक्रि गरिएका सवारी साधनहरु लिलाम सकारकर्तावालाले आफ्नै खर्चमा कार्यालयको परिसर भित्रै इन्जिन नम्बर, चेसिस नम्बर रद्द गरी टुक्रा पारी कवाडी रुपमा उक्त सवारी साधन उठाई लैजानु पर्नेछ।

११. ईच्छुक व्यक्तिले सवारी साधन हेर्न चाहेमा कार्यालय समयमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क गरी हेर्न तथा बुझ्न सकिने छ। यसमा उल्लेख भए बाहेक अन्य बिषयहरु प्रचलित ऐन, कानून बमोजिम हुनेछन् । साथै यो सूचना जिल्ला प्रशासन कार्यालय, बर्दियाको वैवसाइटमा समेत हेर्न सकिनेछ।